नेपाल सरकार

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

सिंहदरबार, काठमाडौं
नेपाल।

पत्र संख्या
च.नं.

## प्रेस विज्ञप्ति

मिति २०८२ चैत १२ देखि १५ गते (तदनुसार २६-२९ मार्च सन् २०२६) सम्म क्यामरुनको याउण्डेमा आयोजना भएको विश्व व्यापार संगठनको चौधौं मन्त्रीस्तरीय सम्मेलन (MC14) सम्पन्न भएको छ। उक्त सम्मेलनको पूर्वसन्ध्यामा मिति २०८२/१२/११गते (तदनुसार २५ मार्च सन् २०२६) मा सोही स्थानमा 14th China Round Table on WTO Accession समेत सम्पन्न भएको छ। MC14 मा नेपालको तर्फबाट संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभाका महामहिम राजदूतको नेतृत्वमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका पदाधिकारीसमेत सम्मिलित पाँच सदस्यीय प्रतिनिधिमण्डलले सहभागिता जनाएको थियो।

नेपाली प्रतिनिधिमण्डलले अतिकम विकसित मुलुकबाट स्तरोन्नति, विश्व व्यापार संगठनको सुधार (WTO Reform), भूपरिवेष्टित विकासशील मुलुकका प्राथमिकता, विश्व व्यापार सङ्गठनको सदस्यता (WTO Accession) लगायतका विषयमा भएका छलफल तथा वार्ताहरुमा सक्रियरुपमा सहभागिता जनाएको थियो। नेपालले अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपश्चात्समेत अतिकम विकसित मुलुकलाई प्राप्त छुट तथा सहुलियतको निरन्तरता, पृथक तथा विशेष सुविधा (Special and Differential Treatment) सम्बन्धी प्रावधानको प्रभावकारी कार्यान्वयन एवम् भूपरिवेष्टित विकासशील मुलुकका लागि भरपर्दो पारवहन तथा विद्युतीय पहुँच (Digital Connectivity) सुनिश्चितताको विषयमा विशेष जोड दिएको थियो।

चौधौं मन्त्रीस्तरीय सम्मेलनले अतिकम विकसित मुलुकका लागि The WTO Agreement on the Application of Sanitary and Phytosanitary Measures र Agreement on Technical Barriers to Trade अन्तर्गत पृथक तथा विशेष सुविधाको कार्यान्वयनमा सुधार गर्ने, साना र जोखिममा रहेका अर्थतन्त्रलाई विश्व व्यापार प्रणालीमा आवद्ध गर्नका लागि सहायता उपलब्ध गराउने निर्णय गरेको छ। साथै, सदस्य राष्ट्रहरुले WTO Reform, विद्युतीय व्यापार, Agreement on Trade-Related Aspects of Intellectual Property Rights को Article 66.2 को प्रभावकारी कार्यान्वयन र अतिकम विकसित मुलुकका लागि लक्षित प्याकेज (LDC Package) जस्ता विषयहरूमा थप वार्ता तथा छलफल गर्ने सहमति जनाएका छन्। यसबाट नेपाललाई बजार पहुँच बढाउन, क्षमता विकासका लागि सहायता प्राप्त गर्न, विद्युतीय व्यापारका लागि तत्परता र अतिकम विकसित मुलुकबाट स्तरोन्नतिपश्चात् औद्योगिक विकासको लागि नीतिगत स्थान (Policy Space) सुरक्षित गर्न महत्त्वपूर्ण अवसरहरू प्राप्त हुने अपेक्षा गरिएको छ।

उक्त अवसरमा नेपाली प्रतिनिधिमण्डल र भारत तथा संयुक्त अधिराज्यका प्रतिनिधिमण्डलबीच द्विपक्षीय व्यापारका विषयमा सौहार्दपूर्ण छलफल भएको थियो।

मिति: २०८२/१२/१८

(नेत्रप्रसाद सुवेदी)
सहसचिव एवं प्रवक्ता